शिक्षा ऐन, २०२८, (संधोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम आधारभूत तह (साविक प्राथमिक तह कक्षा १-५) मा कार्यरत शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## लिखित परीक्षा योजना

यस पाठ्यक्रमलाई दुई भागमा बाँडिएको छ ।

१. लिखित परीक्षा - पूर्णाङ्क १०० **उत्तीर्णाङ्क : ४०**

२. अन्तर्वार्ता - पूर्णाङ्क २५

### लिखित परीक्षा

**समय : ३ घण्टा**

| खण्ड | विषय | परीक्षा प्रणाली | अङ्क भार | प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|---|
| क | शिक्षासम्बन्धी आधारभूत ज्ञान | वस्तुगत/ बहुवैकल्पिक | ४० | ४० X १ | ४५ मिनेट |
| ख | प्राथमिक तहको पाठ्यक्रम, शिक्षण विधि एवम् प्रविधि | विषयगत | ६० | ६ X १० | २ घण्टा १५ मिनेट |
| **जम्मा** | | | १०० | ४६ | |

**द्रष्टव्य :**

१. बस्तुगत प्रश्न र विषयगत प्रश्न अर्थात् (खण्ड **क**) र (खण्ड ख) का उत्तरपानाहरु अलग अलग हुनेछन् ।
२. वस्तुगत परीक्षाको लागि ४५ मिनेट र विषयगत परीक्षाको लागि २ घण्टा १५ मिनेटको समय निर्धारण गरिएको छ ।
३. वस्तुगत र बिषयगत परीक्षा लगातार सञ्चालन हुने छ ।
४. लिखित परीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली वा दुबै भाषा हुनेछ ।
५. यो पाठ्यक्रम तुरुन्त लागु हुनेछ ।

### खण्ड (क) : शिक्षासम्बन्धी आधारभूत ज्ञान - अङ्कभार ४०

**१. नेपालको संविधान र शिक्षासम्बन्धी ऐन नियमहरू**

१.१ नेपालको संविधान : भाग ३ देखि ५ सम्म

१.२ शिक्षा ऐन (संशोधनसहित), २०२८ र शिक्षा नियमावली (संशोधनसहित), २०५९

१.३ शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७

**२ शिक्षा सम्बन्धी सामान्य जानकारी**

२.१ नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्मको)

२.२ नेपालको शिक्षाको तहगत संरचना

२.३ शिक्षाका राष्ट्रिय उद्देश्यहरु

२.४ प्राथमिक तहका तहगत उद्देश्य/सक्षमताहरू

२.५ शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयको संगठन, संरचना र कार्यहरु

२.६ नेपालको शैक्षिक तथ्याङ्कसम्बन्धी सामान्य जानकारी

## ३ शिक्षासम्बन्धी नीतिहरू

३.१ शिक्षा नीति र यसको आवश्यकता

३.२ शिक्षक सक्षमताको प्रारुप २०७२

३.३ खुला तथा दुर शिक्षा नीति

३.४ अनौपचारिक शिक्षा नीति

## ४ शिक्षासम्बन्धी विभिन्न आयोग तथा समितिका प्रतिवेदनहरू

४.१ राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२

४.२ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

## ५ शिक्षासम्बन्धी योजना तथा कार्यक्रमहरु

५.१ सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) उद्देश्य तथा उपलब्धि

५.२ विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६६-२०७२) : लक्ष्य, उद्देश्य र कार्यहरु

५.३ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP)

## ६ शैक्षिक र शैक्षणिक योजनाहरु निर्माण र कार्यान्वयन

६.१ शैक्षिक क्यालेण्डर विद्यालय, वार्षिक कार्ययोजना

६.२ वार्षिक, एकाइ र दैनिक शैक्षणिक योजना

६.३ गाउँ/नगर स्तरीय शिक्षा योजना निर्माण र प्रयोगको अवस्था

६.४ विद्यालय सुधार योजना

६.५ विद्यालय विकासमा स्थानीय सरकार/निकाय, गैरसरकारी र सामुदायमा आधारित संस्थाहरुसँगको सम्बन्ध र समन्वय

## ७ विद्यालय तहको पाठ्यक्रम र मूल्याङ्कन

७.१ पाठ्यक्रमको परिचय, निर्माण प्रक्रिया र पाठ्यक्रम निर्माणमा प्रभाव पार्ने तत्त्वहरू

७.२ विद्यालय तहको पाठ्यक्रम ढाँचा

७.३ राष्ट्रिय पाठ्यक्रमको प्रारूप (परिमार्जनसहित), २०६३

७.४ स्थानीय पाठ्यक्रम प्रारुप, २०७१, निर्माण र प्रयोगको अवस्था

७.५ प्राथमिक तहको पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विकास तथा प्रयोग

७.६ शिक्षण सिकाइमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन

७.७ निरन्तर मूल्याङ्कन प्रणाली र अक्षराङ्कन पद्धति

७.८ मातृभाषामा आधारित बहुभाषिक शिक्षा

## ८ बाल मनोविज्ञान र सिकाइ

८.१ बाल मनोविज्ञानको अवधारणा ,बाल वृद्धि र विकास

८.२ पूर्व बाल्यावस्था र उत्तर बाल्यावस्थाको परिचय , विकासात्मक पक्षहरू र सिकाइसँग सम्बन्धित विशेषताहरू

८.३ सिकाइमा प्रभाव पार्ने तत्त्वहरू

८.४ उत्प्रेरणाका सिद्धान्तहरू र विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने उपायहरू

## ९ विद्यालय सुशासन र शैक्षिक व्यवस्थापन

९.१ विद्यालय सुशासन (school governance) र सामाजिक परीक्षण (social audit)

९.२ शैक्षिक व्यवस्थापनको परिचय र सिद्धान्त

९.३ विद्यालय व्यवस्थापनमा उत्तरदायित्व, जवाफदेहिता र सहभागिता

९.४ स्वव्यवस्थापन, समय व्यवस्थापन र विपत् व्यवस्थापन

९.५ कक्षा कोठा व्यवस्थापनको अवधारणा र आधुनिक कक्षाकोठा व्यवस्थापन

९.६ उपचारात्मक शिक्षण पद्धति

९.७ विद्यार्थीमा निहीत विविधता व्यवस्थापन : भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिकता, शारीरिक तथा मानसिक अवस्था

९.८ शैक्षणिक सङ्गठन : कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा बहुस्तर (MGML) शिक्षण

९.९ शिक्षण सिकाइमा परियोजना कार्य, कार्यमूलक अनुसन्धान र घटना/मामला अध्ययन

**१० शिक्षाका नवीनतम चिन्तन**

१०.१ अधिकारमा आधारित शिक्षा

१०.२ बालमैत्री विद्यालय : अवधारणा, मापदण्ड र सूचकहरू

१०.३ विद्यालय शान्ति क्षेत्र

१०.४ समाहित शिक्षा र शिक्षामा समावेशीकरण

१०.५ शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधि

१०.६ साधारण तथा प्राविधिक सिप (soft and hard skill) र जीवनोपयोगी सिप (life long learning and life skill)

१०.७ शिक्षक शिक्षा र तालिम

१०.८ अभिभावक शिक्षा

## वस्तुगत परीक्षाको प्रश्न योजना

| क. सं. | पाठ्यकमको क्षेत्र | वस्तुगत प्रश्न सङ्ख्या | अङ्क भार |
|---|---|---|---|
| १ | नेपालको संविधान र शिक्षासम्बन्धी ऐन नियमहरू | ५ X १ | ५ |
| २ | शिक्षा सम्बन्धी सामान्य जानकारी | ४ X १ | ४ |
| ३ | शिक्षासम्बन्धी नीतिहरू | ३ X १ | ३ |
| ४ | शिक्षासम्बन्धी विभिन्न आयोग तथा समितिका प्रतिवेदनहरू | ३ X १ | ३ |
| ५ | शिक्षासम्बन्धी योजना तथा कार्यक्रमहरु | ४ X १ | ४ |
| ६ | शैक्षिक र शैक्षणिक योजनाहरु निर्माण र कार्यान्वयन | ४ X १ | ४ |
| ७ | विद्यालय तहको पाठ्यक्रम र मूल्याङ्कन | ५ X १ | ५ |
| ८ | बाल मनोविज्ञान र सिकाइ | ४ X १ | ४ |
| ९ | विद्यालय सुशासन र शैक्षिक व्यवस्थापन | ४ X १ | ४ |
| १० | शिक्षाका नवीनतम चिन्तन | ४ X १ | ४ |
| | जम्मा | ४० X १ | ४० |

## खण्ड (ख) : प्राथमिक तहको पाठ्यक्रम, शिक्षण विधि एवम् प्रविधि - अङ्कभार ६०

नेपाल सरकार, पाठ्यकम विकास केन्द्रले स्वीकृत गरेको प्राथमिक तहको पाठ्यकमको विषयवस्तुमा आधारित भई सामान्यतया सबै क्षेत्र समेटिने गरी १० वटा विषयगत प्रश्नहरु सोधिने छन् । त्यसमध्येबाट उम्मेदवारले कुनै ६ वटा प्रश्नहरुको मात्र उत्तर दिनुपर्नेछ ।